# खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालको
## विधान २०७८

| | |
|---|---|
| गाउँ कार्यपालिकाबाट स्वीकृत मिति :- | २०७८/०३/०१ |

अपिहिमाल गाउँपालिका

दार्चुला जिल्ला

सुदुरपश्चिम प्रदेश

नि.प्रमुख प्रशासकीय अधिकृत

# खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालको
# विधान २०७८

प्रस्तावना

नेपालमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति एवं समूहहरुले सर्वसुलभ रुपमा खानेपानीको निरन्तर आपूर्तिका लागि क्रियाशील रहने क्रममा प्राप्त गरेका अनुभवहरुलाई आत्मबोध गरी, सबैका लागि र सधैंका लागि खानेपानी र सरसफाइको मौलिक मानव अधिकार सुनिश्चित गर्न उपभोक्ता समिति एवं समूहहरु एक आपसमा सङ्गठित हुन आवश्यक भएको कुरालाई हृदयङ्गम गर्दै,

खानेपानी तथा सरसफाइको क्षेत्रमा क्रियाशील सरकारी एवं स्थानीय तह र सरोकारवालाहरुसँग उपभोक्ता समिति एवं समूहहरुको समन्वय र सहकार्यलाई थप सशक्त बनाउन, उपभोक्ता समितिहरुको क्षमता अभिवृद्धि गर्न र खानेपानी एवं सरसफाइको क्षेत्रमा समय-समयमा आइपर्ने विभिन्न चुनौतिहरुलाई सामुहिक रुपमा समाधान गर्नको लागि .......... गाउँपालिकाका खानेपानी तथा सरसफाइ योजनाका उपभोक्ता समितिहरु सङ्गठित भई कार्य गर्नुपर्ने आवश्यकता महसुस गर्दै,

गाउँपालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिकाको परिच्छेद ६ दफा ३५ बमोजिमखानेपानी तथा सरसफाइ उपभोक्ता सञ्जाल गठनतथा दर्ता भईसो को सञ्चालन व्यवस्थापनको लागि "खानेपानी तथा सरसफाइ उपभोक्ता समितिसञ्जालको विधान २०७८"जारी गरिएको हो ।

## परिच्छेद - १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१)यस सञ्जालको नाम " **अपिहिमाल गाउँपालिका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल २०७८"रहनेछ।**
(२) यो विधान खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालको वार्षिक साधारण सभाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस विधानमा,
(क) "*सञ्जाल*"भन्नाले यस विधान अन्तर्गत गठित खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाललाई सम्झनु पर्दछ ।
(ख) "*विधान*" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालको यस विधानलाई सम्झनुपर्दछ ।
(ग) "*सदस्य*" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७बमोजिम गाउँपालिकामा दर्ता एवम् नियमानुसार नवीकरण भई यस विधान अनुसार सञ्जालको सदस्यता प्राप्त गरेका खानेपानी तथा सरसफाइ उपभोक्ता समतिलाई सम्झनु पर्दछ ।
(घ) "*उपभोक्तासमिति*" भन्नाले खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका २०७७बमोजिम गाउँपालिकामा दर्ता एवम् नियमानुसार नवीकरण भएका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिलाई जनाउनेछ ।
(ङ) "*वास व्यवस्थापन समिति*"भन्नाले गाउँपालिका भित्रका सम्पूर्ण खानेपानी तथा सरसफाइ योजनाहरुको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनमा नेतृत्वदायी भुमिका निर्वाहका लागि गाउँपालिका अन्तर्गत गठन गरिने खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) व्यवस्थापन समितिलाई जनाउँछ ।
(च) "*वास इकाई*" भन्नाले गाउँपालिका खानेपानी, सरसफाइ तथा स्वच्छता (वास) इकाईलाई जनाउँछ ।
(छ) "*साधारण सभा*" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालको वार्षिक साधारण सभालाई जनाउनेछ ।
(ज) "*कार्यसमिति*" भन्नाले खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालको वार्षिक साधारण सभाबाट निर्वाचित दफा १४ बमोजिमको खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जालकार्यसमितिलाई सम्झनु पर्दछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

३. **सञ्जालको प्रतिक चिन्ह र छाप:** (१) यस सञ्जालको आफ्नो छुट्टै प्रतिक चिन्ह रहने छ, जसमा अनुसूचि-१ मा उल्लेख भए बमोजिमको गोलो आकारको बीचमा एक अर्कोले समातेका चार वटा हातहरु भित्र पानी झरिरहेको धारा र शौचालयको चिन्ह रहनेछ।

(२) यस सञ्जालको आफ्नो छुट्टै छाप रहने छ, जसमा अनुसूचि-२ मा उल्लेख गरिए बमोजिम गोलो आकारभित्र प्रतिक चिन्हरही सोको किनारातिर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल अपिहिमाल गाउँपालिका, दार्चुला जिल्लाको नाम र चिन्हको मुनी स्थापना साल लेखिएको हुनेछ।

४. **सञ्जालको कार्यालय:** यस सञ्जालको कार्यालयगाउँपालिकासदरमुकाममा रहनेछ।

५. **सञ्जालको कार्यक्षेत्र:** यस सञ्जालको कार्य क्षेत्र अपिहिमाल गाउँपालिकाभर हुनेछ।

## परिच्छेद-२
## लक्ष्य, उद्देश्य र कार्यपद्धति

६. **लक्ष्य:** यस सञ्जालको लक्ष्य गाउँपालिकाभरका खानेपानी तथा सरसफाइउपभोक्ता समितिहरुमा स्वच्छ खानेपानी तथा सरसफाइको प्राप्ती र दिगोपनाको लागि आत्मनिर्भरताको अभिवृद्धि गर्दै, आमसहभागिताको माध्यमबाट नीति निर्माण र निर्णय प्रक्रियाहरुमा प्रभावकारी संलग्नता गराउने रहेको छ।

७. **उद्देश्य:(१) यस सञ्जालका उद्देश्यहरु देहाय बमोजिम हुनेछन् :**

(क) खानेपानी तथा सरसफाइ माथिको अधिकार सुनिश्चितताका लागि आवश्यक पैरवी गर्ने।

(ख) खानेपानी तथा सरसफाइ सेवाको दिगोपना व्यवस्थापनको लागि उपभोक्ता समितिहरुको संस्थागत क्षमता विकास गर्दै उपभोक्ता समितिहरुलाई योजनाहरुको दिगो सञ्चालन तथा मर्मत सम्भार गर्न सक्ने बनाउने

(ग) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी नीति, रणनीति, योजना तर्जुमा तथा कार्यक्रम तयारी तथा कार्यान्वयनमा गाउँपालिकालाई आवश्यक सहयोग गर्ने।

(घ) उपभोक्ता समितिको अन्य सरोकारवालाहरुसंग सम्बन्ध विस्तारमा सहजीकरण गर्ने।

(ङ) सञ्जाललाई खानेपानी तथा सरसफाइउपभोक्ता समितिहरुको एक जिम्मेवार र सक्षम प्रतिनिधिमुलक संस्थाको रुपमा विकास गरी दिगो रुपमा स्थापित गर्ने।

(२) दफा (१) मा उल्लेखित उद्देश्यहरु हासिल गर्नको लागि सञ्जालले आवश्यक रणनीति तथा आवधिक कार्ययोजना तय गर्नेछ। सो गर्दा सञ्जालले वास व्यवस्थापन समितिसंग परामर्श गर्नेछ।

८. **कृयाकलापहरु:** (१) सञ्जाल मूलत: देहाय बमोजिमका कार्यहरु गर्नेछ।

(क) खानेपानी तथा सरसफाइउपभोक्ता समितिहरुको क्षमता अभिवृद्धिको लागि आवश्यक पर्ने प्राविधिक, सीपमुलक, चेतनामुलक र कानुनी तालिम, गोष्ठी, सभा, सम्मेलन, भ्रमण आयोजना गर्न पैरवी, सहजीकरण र आवश्यक सहयोग गर्ने।

(ख) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको संस्थागत क्षमता सुदृढिकरण गर्दै यस्ता संस्थाहरुमा सुशासन, सामाजिक-लैङ्गिक न्याय, आमसहभागिता र आमसहमतीको अवधारणालाई व्यवहारमा उतार्न अभिप्रेरित गराउने।

(ग) गुणस्तरयुक्त खानेपानीको अधिकारलाई अक्षुण राख्न स्थानीयस्तरमा वातावरणीय स्वच्छता, सन्तुलन र स्वच्छताको लागि पूर्ण सरसफाइ र मर्यादित महिनावारी व्यवस्थापनको लागि सचेतना अभियान सञ्चालन गर्न पैरवी, सहजीकरण र आवश्यक सहयोग गर्ने।

(घ) खानेपानी तथा सरसफाइउपभोक्ता समितिहरु बीचका आपसी विवादहरुमा मध्यस्थता गरी विवाद समाधानमा सहयोग गर्ने र उपभोक्ता समितिहरुलाई आइपर्ने कानुनी र नीतिगत समस्याहरुमा आवश्यक सहयोगहरु उपलब्ध गराउने।

(ङ) आपसी हकहितका लागि स्थानीय स्तरमा बनेका सबै उपभोक्ता समितिहरुबीचमा अन्तरसम्बन्धको माध्यमबाट निर्मित योजनाहरुको दिगो सञ्चालन तथा मर्मत सम्भार कार्यमा सहजीकरण गर्ने।

(च) स्वच्छ खानेपानी तथा सरसफाइको गुणस्तर र दिगोपनाको सुनिश्चितताको लागिआवश्यक सहयोग गर्ने र सोको लागि गरिने अनुगमन तथा मुल्याङ्कनमा सहभागी हुने।

नि.प्रमुख प्रशासकीय अधिकृत

(छ) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुमा खानेपानी उपयोग सम्बन्धी कानुनी व्यवस्थाहरुको बारेमा सुसुचित गर्ने ।

(ज) खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुलाई एकताबद्ध गरी सरोकारवालाकार्यालय तथा संघ संस्थाहरुसँग आवश्यक अन्तरसम्बन्ध कायम गर्न सहजीकरण तथा सहयोग गर्ने ।

(झ) खानेपानी तथा सरसफाइको क्षेत्रमा स्थानीय सरकारको नीति, कानुन, योजना तथा कार्यक्रमहरु कार्यान्वयनमा स्थानीय सरकारलाई आवश्यक सहयोग गर्ने र त्यसको कार्यान्वयनको क्रममा देखिएका प्रक्रियागत वा व्यावहारिक कमजोरी र त्रुटिहरुलाई सच्याउन नीतिगत तहसम्म पृष्ठपोषण गर्नुका-साथै यस सम्बन्धमा बेलाबेलामा देखा परेका अस्पष्टता, अन्यौल तथा अनपेक्षित किसिमले हुन जाने कार्यमा स्थानीय सरकारका साथै अन्य सम्बन्धित पक्षहरुको ध्यानाकर्षण गर्ने ।

(ञ) खानेपानी तथा सरसफाइको क्षेत्रमा विभिन्न किसिमले सहजिकरण गर्दै खासगरी महिला, विपन्न, पछाडी पारिएको वर्ग, दलित, आदिवासी, जनजाती समुदाय आदिको खानेपानी तथा सरसफाइ माथिको अधिकार सुनिश्चितताका लागि आवश्यक पैरवीका कार्यहरु गर्ने ।

(ट) खानेपानी सरसफाइ उपभोक्ता समिति दर्ता तथा नवीकरणको लागि गाउँपालिकालाई सिफारिस गर्ने ।

(ठ) सञ्जालको लक्ष्य तथा उद्धेश्यहरु पुरा गर्न र खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको आवश्यकता र हित अनुकुलका अन्य आवश्यक कार्यहरु गर्ने ।

(ड) आपतकालीन खानेपानी तथा सरसफाइ सेवाको लागि पैरवी तथा पहल गर्ने ।

(ढ) विद्युतीय अनुगमन तथा प्रतिवेदन प्रणाली स्थापना गर्ने र प्रतिवेदनको लागि उपभोक्ता समितिहरुलाई प्रोत्साहित गर्ने ।

(ण) खेर गएको तथा बढी भएको पानीको सदुपयोग गर्दै घरबारी व्यवस्थापनको लागि उपभोक्ता समितिहरुलाई अभिप्रेरित गर्ने ।

(२)दफा (१) मा उल्लेखितकार्यपद्धति अनुसार कार्यक्रम सञ्चालन गर्दा सञ्जालले वास व्यवस्थापन समितिसंग समन्वय तथा परामर्श गर्नेछ।

## परिच्छेद-३
## सदस्यता

९. **सदस्य र सदस्यता** : सदस्यको योग्यता: खानेपानी, सरसफाइ तथा स्वच्छता व्यवस्थापन निर्देशिका२०७७बमोजिम अपिहिमाल गाउँपालिकामा दर्ता भएका  दर्ता भएका खानेपानी तथा सरसफाइउपभोक्ता समितिहरु यस सञ्जालकोसदस्य बन्न सक्नेछन् ।

१०. **सदस्यता शुल्क र नवीकरण**: (१)सञ्जालको सदस्यहरुको सदस्यता तथा नवीकरण शुल्क सञ्जालको साधारण सभाले तोके बमोजिम हुनेछ ।

(२) नवीकरणको लागि देहाय सदस्य उपभोक्ता समितिले देहायको मापदण्ड पुरा गर्नेछ ।

(क) उपभोक्ता समितिको वार्षिक साधारण सभा भएको ।

(ख) योजनाको खातापाता दुरुस्त राखेको र सार्वजनिक परिक्षण भएको ।

(ग) नियमित बैठक बस्ने गरेको ।

(घ) खानेपानी सुरक्षा योजना कार्यान्वयन भएको ।

(ङ) मर्मत सम्भार कार्यकर्ता सक्रिय रुपमा काम गरिरहेको ।

(च) उपभोक्ताहरुले नियमित रुपमा पानी महसुल तिर्ने गरेको ।

(३) उपदफा (१) बमोजिमको सदस्यता नवीकरण गर्ने कार्य उपभोक्ता समितिले हरेक वर्ष म्याद सकिएको ३५ दिनभित्र गर्नु पर्नेछ ।

११. **सदस्यताको अयोग्यता, खारेजी र पूनः प्रदान**: (१) देहायको अवस्थामा सदस्य संस्थाको सदस्यता कायम रहने छैन :

(क) सदस्यउपभोक्ता समितिकानुनतः विघटन भएमा ।

(ख) सदस्यउपभोक्ता समितिले सञ्जालको लक्ष्य तथा उद्देश्य र हित विपरित काम गरेमा ।

(ग) दफा १०को उपदफा (३) बमोजिमसदस्यता नविकरण नगराएमा ।

(२) कुनै पनिसदस्यको सदस्यता खारेज गर्नु भन्दा अगाडी उक्त सदस्यलाई आफ्नो सफाई पेश गर्ने अवसरबाट वञ्चित गरिने छैन ।

(३) सदस्यको सदस्यता खारेजी वा पूनः सदस्यता प्रदान गर्ने सम्बन्धमा सञ्जाल कार्य समितिलेनिर्णय गर्नेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-४
## सांगठनिक संरचना तथा काम कर्तव्य र अधिकार

१२. **साधारण सभा:** (१) सञ्जालको साधारण सभा प्रत्येक वर्ष हुनेछ । कुनै विशेष परिस्थिती उत्पन्न भई वार्षिक रुपमा साधारण सभा सम्पन्न गर्न नसक्ने अवस्था आएमा उपयुक्त आधार सहित सञ्जालको कार्य समितिको निर्णय बमोजिम साधारण सभा गर्ने अवधि बढीमा ६ महिना पछाडी सार्न सकिनेछ ।
(२) सञ्जालका सदस्य उपभोक्ता समितिबाट उपभोक्ता समितिको अध्यक्ष एक जना र उपभोक्ता समितिले तोकेको उपभोक्ता समिति पदाधिकारीहरु मध्येबाट एक जना गरी प्रत्येक उपभोक्ता समितिबाट दुई जना साधारण सभाका सहभागी हुनेछन् ।
(३) उपदफा (२) मा उल्लेखित दुई जना सहभागीहरुमा एक जना महिला अनिवार्य हुनेछ । उपभोक्ता समितिले सहभागी छनौट गर्दा दलित, जनजाती र पिछडिएका वर्गको समानुपातिक प्रतिनिधित्वको हुने विषयलाई ध्यान दिनेछ ।

१३. **साधारण सभाको काम, कर्तव्य र अधिकार:** साधारण सभाको को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
(क) सञ्जालको नीति, कार्यक्रमहरु तथा कार्य योजना तय गर्ने ।
(ख) आवश्यकता अनुसार विधान संशोधन् गर्ने ।
(ग) कार्यसमितिका सदस्यहरुको चयन गर्ने ।
(घ) साधारण सभामा उठेका सवालहरुमा छलफल गरी आवश्यक निर्णय गर्ने ।

१४. **सञ्जाल कार्यसमिति:** (१) कार्यसमिति देहाय बमोजिम अभिकतम १५ जनाको हुनेछ ।

| | |
|---|---|
| (क) अध्यक्ष | १ जना |
| (ख) उपाध्यक्ष | १ जना |
| (ग) सचिव | १ जना |
| (घ) सहसचिव | १ जना |
| (ङ) कोषाध्यक्ष | १ जना |
| (छ) सदस्य (प्रत्येक वडाबाट प्रतिनिधित्व हुने गरी) | अधिकतम १० जना |

(२) पदाधिकारी एवं सदस्यहरुको चयन गर्दा लैङ्गिक सन्तुलन र समावेशीकरणको अवधारणालाई ध्यान दिइनेछ ।
(३) पदाधिकारी एवं सदस्यहरुको चयन आमसहमतीको माध्यमबाट हुनेछ । यसरी पदाधिकारी एवं सदस्यहरुको चयन गर्दा आमसहमती कायम हुन नसकेमा जुन पदको लागि आमसहमती कायम हुन नसकेको हो, सोही पदको लागि मात्र साधारण सभाका सहभागी सदस्यहरुले मतदान गरी पदाधिकारी एवं सदस्यहरुको चयन गर्नेछन् ।

१५. **सञ्जाल कार्य समितिको काम, कर्तव्य र अधिकार:** सञ्जाल कार्य समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
(क) साधारण सभा र कार्य समितिले तय तथा निर्णय गरेका कार्यहरु सम्पादन गर्ने ।
(ख) सदस्य उपभोक्ता समितिको क्षमता विकास गर्ने कार्यमा सहयोग गर्ने ।
(ग) समय समयमा योजनाहरुको अनुगमन गरी योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापन अवस्था अवगत गरी उपभोक्ता समितिलाई आवश्यक सुझाव सल्लाह दिने ।
(घ) योजनाको सञ्चालन तथा मर्मत सम्भार व्यवस्थापनको लागि उपभोक्ता समितिकोक्षमता विकास र योजनामा आवश्यक सहयोग गर्न विभिन्न सरोकारावालाहरुसंग पैरवी गर्ने ।
(ङ) उपभोक्ता समिति र अन्य सरोकारवाला संघ संस्थाहरुविच सम्बन्ध विस्तारमा सहयोग गर्ने ।
(च) विधानमा उल्लेखित लक्ष्य तथा उद्देश्य प्राप्तीका लागि गर्नु पर्ने अन्य काम कार्यवाहीहरु गर्ने ।

**सञ्जाल कार्य समितिको बैठक:** (१) कार्यसमितिको बैठक वर्षमा कम्तिमा चार महिनामाएक पटक बस्नेछ ...समितिको बैठकको निमित्त गणपुरक संख्या बहालवाला पदाधिकारी तथा सदस्यहरुको ५१ प्रतिशत हुनेछ । ...आवश्यकता अनुसार कुनै पनि बेला कार्य समितिको बैठक बस्न सकिनेछ ।

कि.प्रमुख प्रशासकीय अधिकृत

(२)कार्य समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् र अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछन् । यदि दुवैको अनुपस्थिति रहेमा सदस्यहरुद्वारा छानिएको सदस्यको अध्यक्षतामा बैठक संचालन गरिनेछ ।

(३) कार्यसमितिमा छलफलको लागि पेश भएको प्रस्तावमा आमसहमती कायम हुन नसकेमा मतदानद्वारा टुङ्गो लगाइने छ र मत बराबर भएमा अध्यक्षद्वारा निर्णायक मत प्रदान हुनेछ ।

१७. **सञ्जाल कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको काम, कर्तव्य र अधिकार:** (१) अध्यक्ष- अध्यक्षको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(क) साधारण सभा र कार्यसमितिको बैठकको अध्यक्षता गर्ने र बैठकमा मत बराबर भएमा निर्णायक मत दिने ।

(ख) सञ्जालको तर्फबाट विभिन्न निकाय तथा कार्यक्रममा प्रतिनिधित्व गर्ने, गराउने । वास व्यवस्थापन समितिमा सञ्जालको तर्फबाट प्रतिनिधित्व गर्ने र वास व्यवस्थापन समितिले तोकेको अन्य जिम्मेवारी जिम्मेवारी वहन गर्ने ।

(ग) सञ्जालको उद्देश्य परिपूर्तिको लागि मुख्य कार्यकारिणीको भूमिका निर्वाह गर्दै नेतृत्व प्रदान गर्ने ।

(घ) दैनिक प्रशासन सुगमतापूर्वक सञ्चालनका लागि रेखदेख गर्ने ।

(ङ) पदाधिकारी, सदस्य र कर्मचारीहरुलाई कामको आवश्यक बाँडफाँड गर्ने र निर्देशन दिने ।

(च) सञ्जालको सम्पूर्ण कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण प्रदान गर्ने ।

(छ) आन्तरिक लेखापरिक्षण गराउने ।

(ज) अन्य तोकिएको काम कर्तव्य र अधिकार प्रयोग गर्ने ।

(२) उपाध्यक्ष- उपाध्यक्षको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षको काम गर्ने ।

(ख) सञ्जालको कार्य सम्पादनमा अध्यक्षलाई सहयोग गर्ने ।

(ग) सञ्जालको उद्देश्य परिपूर्तिको लागि आवश्यक भूमिका निर्वाह गर्ने ।

(घ) सञ्जालको सम्पूर्ण कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने कार्यमा आवश्यक सहयोग गर्ने ।

(ङ) सञ्जालले तोके बमोजिमका अन्य आवश्यक कामहरु गर्ने ।

(३) सचिव- सचिवको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(क) साधारण सभा, कार्यसमितिको बैठक तथा अन्य कार्यक्रमहरुको निर्णय तथा अभिलेख तयार पार्ने ।

(ख) कार्यालयमा प्राप्त हुने सूचनाहरू र अभिलेख व्यवस्थित गर्ने गराउने र सूचना सम्प्रेषण तथा प्रवाहको व्यवस्था गर्ने गराउने ।

(ग) सञ्जालले तोके बमोजिमका अन्य आवश्यक कामहरु गर्ने ।

(४) कोषाध्यक्ष- कोषाध्यक्षको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।

(क) सञ्जालको कोषको जिम्मेवारी लिई आय-व्ययको अभिलेख राख्ने, राख्न लगाउने ।

(ख) कोषको अभिवृद्धिको लागि पहल गर्ने ।

(ग) साधारण सभा र कार्यसमितिको प्रत्येक बैठकमा आर्थिक प्रतिवेदन पेश गर्ने ।

(घ) सञ्जालको सम्पति तथा कार्यालयको अभिलेखहरु दुरुस्त र सुरक्षित राख्ने ।

(ङ) सञ्जालले तोके बमोजिमका अन्य आवश्यक कामहरु गर्ने ।

(५) सदस्यहरु

(क) सञ्जालको लक्ष्य तथा उद्देश्य पूर्तीका लागि कार्य सञ्चालनमासहयोग पुऱ्याउने ।

(ख) कार्य समितिबाट निर्णय भएका कार्यक्रम कार्यान्वयन गराउन आवश्यक वातावरण तयार गर्ने ।

(ग) आफ्नो जिम्मेवारीमा परेका कार्यक्रमको रेखदेख गरी सहयोग पुऱ्याउने ।

(घ) सञ्जालले तोके बमोजिमका अन्य आवश्यक कामहरु गर्ने ।

## परिच्छेद - ५
## आर्थिक स्रोत सम्बन्धी व्यवस्था

१८. आर्थिक श्रोत: सञ्जालको आर्थिक श्रोतको लागि एउटा छुट्टै कोष हुनेछ, जसमा देहाय बमोजिमका रकमहरु रहनेछ:

(क) सदस्यता शुल्क र नविकरण शुल्कबाट प्राप्त रकम ।

नि.प्रमुख प्रशासकीय अधिकृत

(ख) खानेपानी तथा सरसफाइउपभोक्ता समितिहरु र अन्य व्यक्तिहरुबाट सहयोग स्वरुप प्राप्त रकम।

(ग) विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्था र परियोजनाहरुबाट प्राप्त सहयोग तथा अनुदान रकम।

(घ) स्थानीय सरकार, प्रादेशिक सरकार र नेपाल सरकारका विभिन्न निकायहरुबाट प्राप्त अनुदान तथा सहयोग रकम।

(ङ) सदस्यहरुको प्रयासबाट जुटाइएको तथा अन्य कुनै श्रोतबाट प्राप्त रकम।

(च) सञ्जालले आत्मनिर्भरताका लागि गरेका श्रृजनशील कार्यहरुबाट प्राप्त रकम।

१९. **चल अचल सम्पत्ती:** (१) सञ्जालले आफ्नो नाममा चल अचल सम्पत्ती प्राप्त गर्न, भोग चलन गर्न तथा आवश्यकता अनुरुप आफ्नोस्वामित्वको हक हस्तान्तरण गर्न सक्नेछ। तर अचल सम्पत्ती बेच बिखन गर्नुपर्ने भएमा साधारण सभाको स्वीकृती लिनु पर्नेछ।

(२) चल अचल सम्पत्तीको विवरण तथा आय-व्यय लेखाको सर्वमान्य पद्धति अनुसार राखिनेछ।

२०. **कोष र यसको सञ्चालन:** (१) सञ्जालको नाममा एउटा छुट्टै कोष रहनेछ, जसमा अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी पायक पर्ने मान्यता प्राप्त बैंकमा सञ्जालको नाममा खाता खोलिनेछ।

(२) कोषमा रहेको रकम सञ्जालको आफ्नो उद्देश्य परिपूर्ति हुनेगरी कार्यसमितिले तोके बमोजिमको काममा तोकिए बमोजिमको प्रक्रिया पुरा गरी कार्यसमितले गरेको निर्णय बमोजिम प्रयोग हुनेछ।

(३) सञ्जालको लेखा दोहोरो लेखा प्रणालीबाट चुस्त, दुरुस्त र पारदर्शी ढङ्गले राख्नु पर्नेछ।

२१. **लेखा परिक्षण:** (१) कार्यसमितिले नियुक्त गरेको नेपाल सरकारद्वारा मान्यता प्राप्त रजिष्टर्ड लेखा परीक्षकबाट आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र लेखा परीक्षण गराइनेछ। लेखा प्ररिक्षकले लेखा परीक्षण गरी प्रतिवेदन सहितको वासलात तथा आय-व्यय विवरण कार्यसमितिसमक्ष पेश गर्नेछ।

(२) सञ्जालले लेखापरिक्षण प्रतिवेदन सम्बन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ।

## परिच्छेद-६
## विविध

२२. **सञ्जाल कार्यसमितिको निर्वाचन:** (१) दफा १३ (ग) अनुसार कार्यसमितिको चयन साधारण सभाले गर्नेछ। दफा २२ -मा उल्लेखित साधारण सभाका सहभागी सदस्यहरु मतदाता रहने गरी कार्यसमितिका सबै पदाधिकारीहरुकोनिर्वाचन साधारण सभामा हुनेछ।

(२) निर्वाचन प्रकृया सम्पन्न गर्नको लागि ३ सदस्यीय निर्वाचन मण्डल गठन गरिनेछ। निर्वाचन मण्डलमा साधारण सभाकासदस्यहरु सहभागी हुन पाउने छैनन्। निर्वाचन मण्डलको लागि कार्यसमितिले खास व्यवस्थापन समितिसँग परामर्श गर्नेछ।

(३) निर्वाचनसम्बन्धी थप विधि तथा प्रकृया साधारण सभाले पारित गरे बमोजिम हुनेछ।

**सञ्जाल कार्यसमितिको पदावधि:** (१)कार्य समितिका पदाधिकारीहरुको पदावधि एक वर्षको हुनेछ।

(२) विशेष कारणले साधारण सभा एक वर्षमा हुन नसकेमा पदाधिकारीहरुको पदावधि साधारण सभा हुन्जेल सम्मका लागि कायम रहनेछ।

**उम्मेदवार हुन योग्यता:** कार्यसमितिको पदाधिकारीको लागी उम्मेदवार हुन निम्नानुसारको योग्यता पुगेको हुनु पर्नेछ:

(क) दफा १० उपदफा (३) अनुसार उपभोक्ता समितिले तोकिएको अवधि भित्र सञ्जालको सदस्यता नवीकरण गराएको हुनुपर्ने।

(ख) सञ्जालको सदस्य उपभोक्ता समितिमा रही कम्तीमा १ वर्ष सक्रिय रुपमा योगदान पुर्याएको व्यक्ति हुनुपर्ने।

समितिमा एक वर्ष देखि पदाधिकारी भएको हुनुपर्ने।

(ग) कुनै पनि संघ संस्थाको सम्पती हिनामिना गरेवापत न्यायिक निकायको निर्णय बमोजिम दण्ड सजाय भुक्तान गरेको मितिले ३ वर्ष पुरा भएको हुनुपर्ने।

वि.प्रमुख प्रशासकीय अधिकृत

(घ) नैतिक पतन हुने कुनै फौजदारी अभियोगमा दण्ड सजाय नपाएको हुनुपर्ने ।
(ङ) मगज नबिग्रेको हुनुपर्ने ।

२५. **पद रिक्तता र पदपुर्ती:** (१) देहायको अवस्थामा कार्यसमितिका पदाधिकारीहरुको पद रिक्त हुनेछ:
(क) अध्यक्ष बाहेकका पदाधिकारीहरुले लिखित राजिनामा दिई कार्यसमितिको निर्णय बमोजिम अध्यक्षबाट स्वीकृत भएमा ।
(ख) अध्यक्षले कार्यसमिति समक्ष लिखित राजीनामा दिई कार्यसमितिको निर्णय बमोजिम उपाध्यक्षबाट स्वीकृत भएमा ।
(ग) बिना सूचना लगातार तीन पटकभन्दा बढी बैठकमा अनुपस्थित भएमा ।
(घ) कुनै पदाधिकारीले प्रतिनिधित्व गरेको उपभोक्ता समितिले तोकिएको अवधिभित्र सदस्यता नविकरण नगराएमा ।
(ङ) निको नहुने गरी मानसिक सन्तुलन बिग्रेको प्रमाणित भएमा ।
(च) मृत्यु भएमा ।
(छ) सञ्जालको लक्ष्य, उद्देश्य र हित विपरित कार्यगरेको कुरा कुनै छानबिनबाट पुष्टि हुन आई हटाइएमा ।
(ज) कुनै पदाधिकारी प्रतिनिधित्व गरेको उपभोक्ता समितिको पदाधिकारी नरहेमा ।
(झ) कुनै फौजदारी अभियोग प्रमाणित भएमा ।
(२) कुनै पनि पदाधिकारीलाई कार्यसमितिको निर्णय बीना हटाईने छैन र यसरी हटाउनु पूर्व सम्बन्धित पदाधिकारीलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट भने बञ्चित गरिने छैन ।
(३) कुनैपनि पदाधिकारीहरुको पद रिक्त हुन गएमा कार्यसमितिले आमसहमती वा मतदान प्रकृयाद्वारा सम्बन्धित पदमा सम्बन्धित क्षेत्रबाट नै पदपूर्ती गर्नेछ ।

२६. **सपथ ग्रहण:** कार्यसमितिका निर्वाचित पदाधिकारीहरुले अनुसुचि ३ अनुसारको सपथ ग्रहण गर्नु पर्दछ । सपथ ग्रहण गाउँपालिकाको न्यायिक समतिका संयोजक समक्ष गर्नेछन् ।

२७. **सञ्जालको बैधानिकता:** (१) यो सञ्जाल अविच्छिन्न उत्तराधिकारवाला, स्वशासित, संगठित, मुनाफा रहित, गैरराजनैतिक, स्वतन्त्र, सामाजिक र गाउँपमलिकाभरका खानेपानी तथा सरसफाइउपभोक्ता समितिहरुको प्रतिनिधिमुलक संगठन हुनेछ ।
(२) सञ्जालको आफ्नै एउटा छुट्टै प्रतिक चिन्ह र छाप हुनेछ ।
(३) सञ्जालले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य किसिमले बन्दोवस्त गर्न सक्नेछ ।
(४)सञ्जालले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र यस उपर पनि नालिस उजुर लाग्न सक्नेछ ।

२८. **विधानको व्याख्या र शंसोधन:** (१) यस विधानको व्याख्या गर्ने अधिकार कार्यसमितिलाई हुनेछ ।
(२) सुञ्जालको विधान शंसोधन गर्नुपर्ने आवश्यकता महसुस भएमा साधारण सभाको २/३ (दुई तिहाई) बहुमतले आवश्यकता अनुरुप शंसोधन गरी पारित गरिनेछ ।

२९. **विनियम बनाउने:** यस विधानको उद्देश्य प्राप्ती तथा कार्यान्वयन गर्ने गराउन कार्यसमितिले यस विधानअन्तर्गत रही आवश्यक विनियम बनाइ लागु गर्न सक्नेछ ।

३०. **सञ्जालको विघटन:** कुनै कारणवश यो सञ्जाल विघटन हुन गएमा सञ्जालको सम्पूर्ण दायित्व तथा चल अचल सम्पतीको फरफारक प्रचलित कानुन बमोजिमहुनेछ ।

३१. **निष्क्रियता:** यस सञ्जालले आफ्नो अधिकार प्रयोग गर्दा अरुको हकमा असर पार्ने छैन र प्रचलित कानुन विपरित हुने कुनै कार्य गर्ने छैन । यस विधानमा उल्लेख गरिएको कुनै कुरा प्रचलित नेपाल कानुनसंग बाझिएमा बाझिएको हदसम्म त्यस्तो कुरा स्वत: निष्क्रिय हुनेछ ।

नि.प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-१

(विधानको दफा ३ (१) सँग सम्बन्धित)

**प्रतिक चिन्ह (लोगो)**

अनुसूची-२

(विधानको दफा ३ (२) सँग सम्बन्धित)

**छाप**

अनुसूची-२

(विधानको दफा ९ सँग सम्बन्धित)

**सपथ ग्रहण**

म यस खानेपानी तथा सरसफाइ उपभोक्ता समिति सञ्जाल अपिहिमाल गाउँपालिका निर्वाचित पदाधिकारीको हैसियतले गाउँपालिकाका सम्पूर्ण उपभोक्ताहरुमा अभिवादन गर्दै यो सपथ लिन्छु । म यस सञ्जालको विधान, नीति, नियम, निर्देशन, मूल्य, मान्यता र अनुशासनलाई निशर्तरुपमा पालना गर्दै उपभोक्ता समितिको लक्ष्य र उद्देश्य प्राप्तीका लागि दृढ प्रतिज्ञाकीसाथ मन, वचन र कर्मले लागिरहने छु । म सबैका लागि सधैंभरी स्वच्छ खानेपानी तथा सरसफाइको मौलिक अधिकारका निमित्त क्रियाशिल रहँदै खानेपानी तथा सरसफाइउपभोक्ता समिति र सञ्जालप्रति सदैव उत्तरदायी बनिरहनेछु ।

नि.प्रमुख प्रशासकीय अधिकृत